# तानसेन नगरपालिका

तानसेन, पाल्पा
५ नं. प्रदेश, नेपाल

✆ ०७५-५२०१०१, ५२०८१३
५२०१२१, ५२०१०१
Website : www.tansenmun.gov.np

पत्र संख्या :

तानसेन नगरबासीमा हार्दिक अनुरोध

चलानी नं. :

मिति

विश्वव्यापी रुपमा फैलिइरहेको कोरोना (COVID-19) भाइरस संक्रमण रोकथाम तथा नियन्त्रणका लागि नेपाल सरकारले २०७६ चैत्र ११ देखि लकडाउनलाई निरन्तरता दिदै आएको छ र सरकारको घोषणालाई सम्पूर्ण नेपाली नागरिकले साथ दिदै आएको अवस्था विद्यमान छ । कोरोना भाइरस संक्रमण रोकथाम तथा नियन्त्रणका लागि नेपाल सरकारले गरेका निर्णय साथै निर्देश गरेअनुसारका कार्य कार्यान्वयनमा साथ दिनुका अलावा प्रदेश र स्थानीय सरकारले समेत हरसम्भव पहल गरिआएको कुरा सर्वविदितै छ ।

तानसेन नगरपालिकाले यस सन्दर्भमा सरोकारवालाहरुसँग छलफल, अभिमुखीकरण कार्यक्रम तथा टोलबस्तीमा सचेतना कार्यक्रम गर्नुका साथै सन्देशहरु माइकिङ र विद्युतीय सञ्चारमाध्यमबाट प्रचारप्रसार गरिआएको छ । नगरस्तरीय र वडास्तरीय समन्वय समिति गठन एवम् परिचालन, आवश्यक कामका लागि आकस्मिक कार्यपालिका बैठक बस्नुका साथै तत्काल २५ लाख वजेट विनियोजन गरी तत्काल राहतकोष खडा गरिएको छ । वडा कार्यालयको सिफारिस तथा सम्बन्धित वडाका जनप्रतिनिधिहरुको सिफारिस र रोहवरमा विपन्न नागरिक पहिचान गरी २०७६ चैत्र २८ मध्यान्हसम्ममा १४ वडाका १५९५ परिवारलाई तानसेन नगरपालिका, नगर कार्यपालिकाले अनुमोदन गरेको निर्देशिका बमोजिम खाद्य तथा आवश्यक सामग्री वितरण गरिएको छ । शंकटका बेला विपन्न नगरबासीलाई बाँच्नका लागि सहयोग गर्नु नगरसरकारको दायित्व हो भन्ने तथ्य मनन गर्दै हामीले राहत उपलव्ध गराएको हुँदा दुरुपयोग नहोस भन्नेतर्फ सरोकारवाला सबै सजग र सचेत हुनै पर्दछ । राहत सामग्री वितरण विवरण नगरपालिकाको वेभसाइटमा समेत राखिएको छ ।

तानसेन नगरपालिकाका विभिन्न वडामा रहेका स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मीहरुका लागि अत्यावश्यक स्वास्थ्य सुरक्षा सामग्री व्यवस्था गरी उपप्रमुख, सरोकारवाला वडा अध्यक्ष, सदस्य लगायतका जनप्रतिनिधि र स्वास्थ्य शाखा तथा वडास्थित स्वास्थ्य कार्यालयका कर्मचारी समेत टोलबस्तीमा पुगेर हालसालै विदेशबाट फर्किएकाहरुको (चैत्र २६ गतेसम्म १२३ जनाको) स्वास्थ्य परीक्षण गरी आवश्यक उपचार एवम् सल्लाह दिनुका साथै आवश्यकताअनुसार होमक्यारेन्टाइनमा बस्न अनुरोध गरियो । नगरबासीको स्वास्थ्यलाई ख्याल गर्दै नगरका विभिन्न टोल तथा ग्रामीण भेगका घनाबस्तीमा किटनाशक औषधि छर्ने काम निरन्तर भइरहेको छ । फोहर संकलन तथा व्यवस्थापनको काम आवश्यकताअनुसार गरिएको छ । लकडाउन शुरु भएलगत्तै तानसेन बसपार्क र प्रभासमा हेल्प डेस्क स्थापना गरी स्वास्थ्य परीक्षण तथा सन्देश प्रवाह गरिएको थियो । तानसेन-६ मा ५० शैयाको क्वारेन्टाइन स्थापना गरी तत्काल २६ जनालाई राखिएकोमा उनीहरुलाई सम्बन्धित पालिकाहरुको जिम्मा लगाइ पठाइएको छ । विदेशबाट फर्किएकाहरुको विवरण संकलन तथा आवश्यक स्वास्थ्य परीक्षण र निगरानीलाई निरन्तरता दिइएको छ ।

माध्यमिक तह तथा उच्च माध्यमिक तहको परीक्षा तयारी गरिरहेका विद्यार्थीलाई राहतस्वरुप सामुदायिक रेडियो मदनपोखराबाट माध्यमिक तह (SEE) परीक्षा र युनिक एफएमबाट प्लस टुको परीक्षालाई सहयोग पुर्याउने उद्देश्यले दूर शिक्षा कार्यक्रम सञ्चालनमा सहयोग गरिएको छ । यो समय किसानहरुले हिउँदे अन्नबाली स्याहार्ने, तरकारी खेती र अन्य कामका लागि खेतबारीमा ब्यस्त रहनुपर्ने समय हुनाले घरपरिवारका सदस्यलाई निश्चित दूरीमा रहेर कृषि कर्म गर्न राज्यले निषेध गरेको छैन । तरकारी, फलफूल, दुग्धजन्य उत्पादन लगायत दैनिक उपभोग्य सामग्री विक्री वितरणमा रोक लगाइएको छैन । स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, सरसफाइकर्मी, सञ्चारकर्मीहरु तथा सम्बन्धित आवश्यक कामका लागि पालिकाका जनप्रतिनिधि र प्रशासकीय प्रमुख लगायत तोकिएका कर्मचारी समेत भौतिक दुरी व्यवस्थापन गरी निरन्तर नगरबासीको सेवामा खटिइरहेको अवस्था छ ।कोरोना संक्रमण रोकथामका लागि अधिकांश तानसेनबासीले समेत लकडाउनको अवस्थामा संयमित भइ एकान्तबासको अनुशासन पालना गर्नु भएकोमा धन्यवाद ब्यक्त गर्दछौं । तथापि नगरका केही टोल र ग्रामीण भेगका केही गाउँमा कतिपय ब्यक्तिहरु अनावश्यक ढंगले समूहमा जुट्ने, घुम्ने गरेको गुनासो सचेत नगरबासीबाट आएकोप्रति हाम्रो ध्यानाकर्षण भएको छ । लकडाउन रहर नभइ हामी सबैको जीवन रक्षाका लागि बाध्यात्मक अवस्था हो भन्ने ठानेर अत्यावश्यक रुपमा बाहेक घरबाहिर ननिस्कन पुनः तानसेनबासीमा अनुरोध गर्दछौं । यस्ता ब्यक्तिलाई साथि, छिमेकी जो कसैले सम्झाउन र नमानेमा सुरक्षा निकायमा खवर दिन आग्रह गर्दछौं ।

अन्त्यमा, कोरोना (COVID-19) भाइरस संक्रमण रोकथाम तथा नियन्त्रणका लागि सबै जिम्मेवार भएर लागौं । नगरपालिकाले स्थापना गरेको राहत कोषमा सक्दो सहयोग गरौं । लकडाउनको पूर्ण पालना गरौं । आफू बचौं अनि परिवार र समुदायलाई बचाऔं ।

२०७६ चैत्र २८

डिल्ली राज बेल्बासे
प्रमुख प्रशासकीय अधिकृत

डिल्ली राज बेल्वासे
प्रमुख प्रशासकिय अधिकृत

Scanned with CamScanner